| | |
|---|---|
| ऐन संख्या :- | ....... |

# दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आर्थिक ऐन, २०७७

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति :- | २०७७/०३/१२ |

दिप्रुङ चुइचुम्म गाउँपालिका

खोटाङ जिल्ला

प्रदेश नं. १, नेपाल

# दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आर्थिक ऐन २०७७

**प्रस्तावना :** दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि दिप्रुङ चुइचुम्मा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पत्ति कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाइने र असुल उपर गरीनेछ ।

***स्पष्टीकरण:*** यस दफाको प्रयोजनका लागि "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर प्रयोजनका लागि घरको र जग्गाको मूल्यांकन दर अनुसूची -२ तथा घरको ह्रास कट्टीको दर अनुसूची -३ मा  उल्लेख भए बमोजिम हुनेछ ।

**३. मालपोत :** (१) गाउँपालिका क्षेत्रभित्र दफा २ बमोजिम सम्पत्ति कर लाग्ने बाहेकका अन्य जग्गामा क्षेत्रफलको आधारमा मालपोत लगाइने र असुल उपर गरीनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने मालपोतको दर अनुसूची -४ मा उल्लेख भएबमोजिम हुनेछ ।

**४. घर जग्गा बहाल कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, वा  जग्गा पूरै वा आंशिक तबरले बहालमा दिई प्राप्त गरेको आयमा घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने घर जग्गा बहाल करको दर अनुसूची - ५ मा तोकिए बमोजिम हुनेछ ।

**५. व्यवसाय कर :** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालित उद्योग, व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पूँजी लगानी र आर्थिक कारोवारका आधारमा वर्गीकरण गरी व्यवसाय कर लगाइने र असुल उपर गरीनेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसाय कर  असुली गर्दा बैंक तथा वित्तिय संस्था र सुपर मार्केटहरूको प्रत्येक कारोबार स्थलमा अलग अलग इकाई मानी कर असुली गरीनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम लगाइने व्यवसाय करको दर अनुसूची - ६ मा तोकिए बमोजिम हुनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मतृ वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेबापत अनसूची -७ बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असुल उपर गरीनेछ ।

तर, त्यस्ता वस्तुको व्यवसाय गर्ने व्यक्ति वा कम्पनिलाई दफा ५ बमोजिम व्यवसाय कर लगाइएको अवस्थामा यस दफा बमोजिमको कर लगाइनेछैन ।

**७. सवारी साधन कर :** (१) गाउँपालिका क्षेत्रभित्रका रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा जस्ता सवारी साधनको दर्ता र वार्षिक नवीकरणमा गाउँपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सवारी साधन करको दर अनुसूची -८ मा तोकिए बमोजिम हुनेछ ।

**८. विज्ञापन कर :** (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाइने र असुल उपर गरीनेछ ।

(२) उप दफा (१) बमोजिम लगाइने विज्ञापन करको दर अनुसूची-९ मा तोकिए बमोजिम हुनेछ ।

**९. मनोरञ्जन कर :** गाउँपालिकाले प्रदेश कानुनले तोके बमोजिमका सेवा र क्षेत्रमा सोही कानुनमा तोकिएको दरमा मनोरञ्जन कर लगाई असलु उपर गरीनेछ ।

**१०. बहाल बिटौरी शुल्क :** (१) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, पर्ती वा ऐलानी जग्गालाई उपयोग गरी बनाइएका टहरा, छाप्रा वा पसल वा आवास तथा गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा सञ्चालन भएका पसलमा बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने बहाल विटौरी शुल्कको दर अनुसूची -१० मा तोकिए बमोजिम हुनेछ ।

**११. सेवाशुल्क दस्तुर :** गाउँपालिकाले कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमार्फत् उपलब्ध गराउने सिफारिश, प्रमाणित, इजाजत जस्ता प्रशासनीक सेवामा अनुसूची -११ मा उल्लिखित दरमा सेवाशुल्क तथा दस्तुर लगाई असुल उपर गर्नेछ ।

**१२. बिक्री गर्न सक्ने :** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलबाट वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वाताबरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुहरू तथा आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा

ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी आदि तथा नक्सा पासका लागि आवश्यक निवेदन फाईल, बोलपत्र वा दरभाउपत्र फाराम आदि अनुसूची-१२ मा उल्लेख भए बमोजिमको दरमा बिक्री गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुहरू आदि बिक्री गर्दा बिक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम बिक्री मूल्यमा ठेक्का बढावढ गरी गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम ठेक्का निर्धारण नभएमा कार्यपालिकाले निर्णय गरी गाउँपालिकाले अमानत विधिबाट बिक्री गरी रकम संकलन गर्न सक्नेछ ।

**१३. भाडामा लगाउन सक्ने :** गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन, मेसिनरी तथा अन्य सम्पत्तिमा अनुसूची -१३ मा उल्लिखित दरमा भाडामा लगाउन सक्नेछ ।

**१४. जरिवाना, ब्याज, हर्जाना र दण्ड :** (१) गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा वा प्रचलित कानुन पालना नगरेको कसूरमा अनुसूची -१४ मा उल्लेख गरिएको व्यवस्था तथा दरमा र सो दर नतोकिएकोमा कार्यपालिकाबाट तोकिएको दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

**१५. कर छुट :** (१) गाउँपालिकालाई वार्षिक रुपमा तिर्नुपर्ने कर सोही आर्थिक वर्षको पहिलो चौमासिकभित्र र मासिक रुपमा तिर्नुपर्ने कर महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने करको क्रमशः १0% र १0% छुट दिइनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिइने छैन ।

*स्पष्टीकरण:* लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरू, सरकारी वा सामुदायिक विद्यालयहरू, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथाश्रम, वृद्धाआश्रम, मठमन्दिर जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

**१८. प्रचलित कानुन बमोजिम हुने :** यस ऐनमा उल्लेख गरिएको विषयहरूमा यसै बमोजिम र उल्लेख नगरिएको विषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

अनुसूची -१

(दफा २ को उपदफा (२) संग सम्वन्धित)

# सम्पत्ति करको दर

| सम्पत्तिको मूल्य | बार्षिक दर (रु.) |
|---|---|
| १ लाख रुपैयाँसम्मको मूल्यांकनमा | २०।०० |
| २ लाख देखि ५ लाख रुपैयाँसम्म | ५०।०० |
| ५ लाखदेखि १० लाख रुपैयाँसम्म | १००।०० |
| १० लाख देखि १५ लाख रुपैयाँसम्म | १५०।०० |
| १५ लाख देखि २० लाख रुपैयाँसम्म | २००।०० |
| २० लाख देखि २५ लाख रुपैयाँसम्म | २५०।०० |
| २५ लाख भन्दा माथि | ३००।०० |

अनुसूची -२

(दफा २ को उपदफा (३) संग सम्वन्धित)

# घरको तथा जग्गाको मूल्यांकन दर

**(क) घरको मूल्यांकन दर**

| क.सं. | घरको प्रकार | घरको मुल्यांकन रकम (प्रति वर्ग फिट रुपैया) |
|---|---|---|
| १ | आर.सि.सि. फ्रेम स्टक्चर | ०.२ |
| २ | सिमेण्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना | ०.१६ |
| ३ | सिमेन्ट वा माटोको जोडाइमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायल, ढुङ्गाको छाना | ०.१२ |
| ४ | प्रि फ्याब तथा जस्ताले बनेको भित्ता र टिनको छाना | ०.०८ |
| ५ | जस्ता वा टायलको छाना भएको टहरा वा सेड | ०.०४ |
| ६ | कच्ची खर (एकमुष्ठ) | प्रति घर रु ५०।०० |

नोटः माथि उल्लेखित वाहेक अन्य किसिमका संरचना भएमा लागतको आधारमा मिल्दो जुल्दो प्रकार तथा बनोटमा उल्लेखित दरको आधारमा मूल्यांकन गरिनेछ ।

**(ख) जग्गाको मूल्यांकन दर**

घरले चर्चेको जग्गाको मूल्यांकनका लागि जग्गाको हालको मालपोत रजिष्ट्रेशनको दरलाई आधार मानिनेछ ।

अनुसूची -३

(दफा २ को उपदफा (३) संग सम्वन्धित)

# घरको ह्रास कट्टी दर

| बनोटको किसिम | ह्रासकट्टी दर |
|---|---|
| आर.सि.सि. फ्रेम स्टक्चर भएको भवन वा गोदाम | वार्षिक १.५ प्रतिशतका दरले ६० वर्षसम्म |
| सिमेण्ट वा माटोको जोडाइमा इँट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना भएको भवन वा गोदाम | वार्षिक २ प्रतिशतका दरले ४५ वर्षसम्म |
| सिमेन्ट वा माटोको जोडाइमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना भवन वा गोदाम | वार्षिक ३ प्रतिशतका दरले ३० वर्षसम्म |
| जस्ता वा टायलको छाना भएको सेड | वार्षिक ५ प्रतिशतका दरले १८ वर्षसम्म |
| कच्ची घर | वार्षिक १० प्रतिशतका दरले ९ वर्षसम्म |

अनुसूची -४

(दफा ३ को उपदफा (२) संग सम्वन्धित)

# मालपोतको दर

| जग्गा रहेको क्षेत्र | स्थान (गाउँपालिकाले समग्र गाउँक्षेत्रलाई ४ वटा क्षेत्रमा विभाजन गरी स्थान पहिचान गर्नुपर्ने) | वार्षिक मालपोत दर (प्रति रोपनी) |
|---|---|---|
| बजार उन्मुख क्षेत्र | पंचमी, तृतीया देखी छितापोखरी सम्म)<br>छितापोखरी (........ देखी ............... सम्म)<br>ओखे (........ देखी ............... सम्म)<br>गुरुङ डाँडाँ (........ देखी ............... सम्म)<br>याम्खा  देखी रातमाटा सम्म)<br>याङसोलाटार (........ देखी ............... सम्म) | रु. ५ |
| आवासिय क्षेत्र | | |
| कृषि क्षेत्र | | |
| पाखो, बगर तथा अन्य क्षेत्र | | |

अनुसूची -५

(दफा ४ को उपदफा (२) संग सम्बन्धित)

# घर जग्गा बहाल करको दर

| जग्गा तथा घर भाडामा लिने | करको दर |
|---|---|
| लेखा परिक्षण गराउने दायित्व भएका संस्थाहरूले वहालमा लिएको जग्गा र घरको | वहाल रकमको १ प्रतिशत |
| अन्य (व्यापार, ब्यवसायिक, घरयासी वा कृषि) प्रयोजनका लागि लिएको जग्गा र घरको | वहाल रकमको १ प्रतिशत |

अनुसूची -६

(दफा ५ को उपदफा (३) संग सम्वन्धित)

# व्यवसाय करको दररेट

गाउँपालिका क्षेत्रभित्र कुनै पनि किसिमको व्यापार तथा व्यवसाय गर्नेले गाउँपालिकावाट व्यवसाय इजाजत पत्र लिई वार्षिक रुपमा नवीकरण गर्नु पर्नेछ। व्यवसाय दर्ता तथा नवीकरण गर्दा लाग्ने व्यवसाय करको दर देहाय बमोजिम रहेको छ :

| क्र.सं. | व्यवसायको किसिम | | दर (रू.) |
|---|---|---|---|
| | विवरण | विस्तृत विवरण | |
| १ | मदिरा पसल | वितरक | ३०००।०० |
| | | थोक | २०००।०० |
| | | खुद्रा | १०००।०० |
| २ | चुरोट बिडी सुर्ती जन्य | वितरक | २०००।०० |
| | | थोक | १५००।०० |
| | | खुद्रा | १०००।०० |
| ३ | हल्का पेय पदार्थ | वितरक | १५००।०० |
| | | थोक | १०००।०० |
| | | खुद्रा | ५००।०० |
| ४ | सुनचाँदी पसल | थोक | १५००।०० |
| | | खुद्रा पसल र मर्मत | १०००।०० |
| ५ | औषधी पसल | थोक | ३०००।०० |
| | | खुद्रा डाक्टर भएको | २०००।०० |
| | | खुद्रा डाक्टर नभएको | १५००।०० |
| ६ | माछामासु बिक्री पसल | | २०००।०० |
| ७ | आयुर्वेदिक औषधी पसल | | १०००।०० |
| ८ | एग्रोभेट पसल | थोक | २०००।०० |
| | | खुद्रा | १०००।०० |
| ९ | स्टेशनरी तथा पुस्तक पसल | थोक | २०००।०० |
| | | खुद्रा | १०००।०० |
| १० | छपाइ तथा प्रकाशन | अफसेट प्रेस | २०००।०० |
| | | साधारण प्रेस | १०००।०० |
| ११ | कस्मेटिक पसल | | १०००।०० |
| १२ | मोटर पार्ट्स | थोक | २०००।०० |
| | | खुद्रा | १५००।०० |
| १३ | प्लाइ तथा ग्लास | थोक | २५००।०० |
| | | खुद्रा | १५००।०० |
| १४ | कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल | थोक | २०००।०० |
| | | खुद्रा | १५००।०० |
| १५ | धागो टाक पसल | थोक | १०००।०० |
| | | खुद्रा | ५००।०० |

| | | | |
|---|---|---|---|
| १६ | इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि) | वितरक | ३०००।०० |
| | | थोक | १५००।०० |
| | | खुद्रा | १०००।०० |
| १७ | हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल | थोक | ५०००।०० |
| | | खुद्रा | ३०००।०० |
| १८ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ५०००।०० |
| | | पेट्रोल बिक्री केन्द्र | ३०००।०० |
| | | ग्यास सिलिन्डर सब डिलर | ३०००।०० |
| | | मट्टितेल मात्र बिक्री | २०००।०० |
| १९ | स्टिल आलमुनियम पसल | थोक | २०००।०० |
| | | खुद्रा | १०००।०० |
| २० | फर्निचर | थोक | १५००।०० |
| | | खुद्रा | १०००।०० |
| २१ | ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने | | २०००।०० |
| २२ | कपडा सिलाइ कटाइ | टेलरिङ आधुनिक | १०००।०० |
| | | हाते मेसिन | ५००।०० |
| २३ | स्नुकर तथा पुल हाउस | | २०००।०० |
| २४ | क्यारेम बोर्ड | | ५००।०० |
| २५ | पशु आहार बिक्री केन्द्र | | १०००।०० |
| २६ | किराना पसल | थोक | १५००।०० |
| | | खुद्रा | ५००।०० |
| २७ | फलफूल/तरकारी पसल | थोक | १०००।०० |
| | | खुद्रा | ५००।०० |
| २८ | उपहार/ गिफ्ट/ खेलौना पसल | थोक | १०००।०० |
| | | खुद्रा | ५००।०० |
| २९ | भाँडा पसल (स्टील, प्लास्टिक,आल्मुनियम सबैथरी) | थोक | २५००।०० |
| | | खुद्रा | १५००।०० |
| ३० | माटाको भाँडा पसल | थोक, खुद्रा | २००।०० |
| ३१ | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | चिकित्सक | २०००।०० |
| | | कन्सल्टेन्ट सेवा(इन्जिनियरिङ्ग) | २०००।०० |
| | | कानुन व्यावसायी ल फर्म | २०००।०० |
| | | लेखापरीक्षण व्यावसायी | २०००।०० |
| | | दन्तचिकित्सक | २०००।०० |
| | | अनुसन्धानकर्ता परामर्शदाता | २०००।०० |
| | | पशु चिकित्सक डाक्टर | २०००।०० |
| | | रोजगार सेवा | २०००।०० |
| ३२ | ढुवानी तथा ट्रान्सपोर्ट | | २०००।०० |

| | | | |
|---|---|---|---|
| ३३ | पेन्टर/ साइनबोर्ड लेख्ने | | १०००।०० |
| ३४ | खोटो व्यवसायी | | १५००।०० |
| ३५ | जग्गा व्यवसायी | | २०००।०० |
| ३६ | निर्माण व्यवसायी | | ५०००।०० |
| ३७ | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | १०००।०० |
| | **उत्पादनमूलक उद्योग** | | |
| ३८ | ग्रील उद्योग | | ३०००।०० |
| ३९ | जुत्ता उद्योग | | १५००।०० |
| ४० | घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती, टीकी, अचार तथा अन्य कुटिर) | | ५००।०० |
| ४१ | कपडा तथा गार्मेन्ट उद्यँोग | | ५०००।०० |
| ४२ | सिरक डसना उद्योग पसल | | १५००।०० |
| ४३ | कुटानी पेलानी/ मिल | | १५००।०० |
| ४४ | मसला मिल | | १०००।०० |
| ४५ | डेरी उद्योग/ व्यवसाय | | १०००।०० |
| ४६ | उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | १०००।०० |
| | | दालमोट पाउरोटी चाउमीन | १०००।०० |
| | | पापड चिप्स फिगर | १०००।०० |
| ४७ | वनजन्य उद्योग | स मिल प्लाइउड उद्योग | ५०००।०० |
| | | काठ बिक्री डिपो | २०००।०० |
| ४८ | क्रसर÷कन्क्रीट÷इटा भट्टा उद्योग | | ८०००।०० |
| ४९ | ढाकाटोपी पस्मिना उद्योग | | ५००।०० |
| ५० | सुर्तिजन्य उद्योग | | ५०००।०० |
| ५१ | **होटल लज रेष्टुरेन्ट** | होटल र लज | २०००।०० |
| | | भोजनालय | १०००।०० |
| | | मिठाई पसल | ५००।०० |
| | | पार्टी प्यालेस | २५००।०० |
| | | रेष्टुरेन्ट-बार | २०००।०० |
| | | चिया र खाजा पसल | ५००।०० |
| | | खाजा-नास्ता पसल (मदिरासहित) | २०००।०० |
| ५२ | टेन्ट हाउस | | २०००।०० |
| | | | |
| ५३ | सञ्चार | एफ.एम. प्रसारण | २०००।०० |
| | | केवुल च्यानल प्रसारण | २०००।०० |
| | | पत्रपत्रिका प्रकाशन सेवा | १०००।०० |
| | | फोटोकपी, पी.सि.ओ साइबर क्याफे | १०००।०० |
| | | कुरियर सेवा | १०००।०० |

| | | | |
|---|---|---|---|
| | | कलर ल्याब/ फोटो स्टुडियो | १०००।०० |
| ५४ | वित्तीय | वाणिज्य वैंक प्रति शाखा/केन्द्रिय कार्यालय | ५०००।०० |
| | | विकास वैंक प्रति शाखा/ केन्द्रिय कार्यालय | ५०००।०० |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | ५०००।०० |
| | | वित्तीय/ ऋण सहकारी संस्था | २०००।०० |
| | | मनी ट्रान्सफर | १५००।०० |
| | | विमा कम्पनी | २०००।०० |
| | | लघु वित्त | २०००।०० |
| ५५ | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | २५००।०० |
| | | क्लिनिक तथा ल्याब | १५००।०० |
| | | चस्मा पसल | १५००।०० |
| ५६ | शिक्षा सेवा निजी | क्याम्पस | २०००।०० |
| | | मावि/ उच्चमावि | १५००।०० |
| | | मावि | १०००।०० |
| | | आधारभूत | १०००।०० |
| | | प्राथिमिक | १०००।०० |
| | | छात्रावास | १०००।०० |
| | | मन्टेश्वरी | १०००।०० |
| | | पूर्व प्राथमिक | ८००।०० |
| | | ट्युशन सेन्टर | १५००।०० |
| | | कम्प्युटर / नृत्यकला सिकाइ केन्द्र | १०००।०० |
| | | तालीम तथा अनुसन्धान केन्द्र | १०००।०० |
| ५७ | मर्मत सम्भार | टायर-ट्युव मर्मत, रिसोलिङ्ग,हावा भर्ने | १०००।०० |
| | | इन्जिन मर्मत | १५००।०० |
| | | डेन्टिङ्ग पेन्टिङ्ग | १५००।०० |
| | | टि.भी, फ्रिज, मोटर, पङ्खा, जेनेरेटर,कम्प्युटर | १५००।०० |
| | | रेडियो, घडी, मोबाइल (इलेक्ट्रोनिक) | १०००।०० |
| | | मोटरसाइकल मर्मत | १५००।०० |
| | | बस,ट्याक्सी लगायतका सवारी साधन मर्मत | २०००।०० |
| | | अन्य विविध मर्मत | १०००।०० |
| ५८ | ड्राइ क्लिनिक, व्युटी पार्लर तथा सैलुन | | १०००।०० |
| ५९ | फूल विरुवा पसल | | ५००।०० |
| ६० | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | २०००।०० |
| | | अन्तराष्ट्रिय | ५०००।०० |
| ६१ | मनोरञ्जन कर | सिनेमा हल तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | २.००% |
| | | जादु सर्कस चटक आदिमा | प्रतिदिन ३०० |
| ६४ | पार्किङ्ग शुल्क: प्रतिदिन | बस , ट्रक, लरी, हेभी गाडी, ट्याक्टर, जीप | २०।०० |
| | | मोटरसाइकल, ठेला गाडा, अटो रिक्सा र अन्य साधन प्रतिघण्टा | १०।०० |
| | नोट: पार्किङ्ग शुल्क बसपार्क स्थल व्यवस्थित भएपछि मात्र लाग्ने । | | |

अनुसूची -७

(दफा ६ संग सम्वन्धित)

# जडीबुटी, कवाडी र जीवजन्तु करको दर

गाउँ क्षेत्रभित्र उत्पादन वा संकलन भई व्यवसायिक उपयोग हुने निम्नलिखित वस्तुहरूमा देहाय बमोजिम जडीबुटी, कवाडी र जीवजन्तु कर लिइनेछ :

| क.सं. | जडीबुटी, कवाडी र जीवजन्तु | वार्षिक कर | |
|---|---|---|---|
| १ | खाली सीसी, प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन), खाली बोरा, तेलको टिन, धातुका टुक्राहरू, पुन : प्रशोधन ( रिसाइक्लिङ्ग) गरी पुनः प्रयोगमा आउन सक्ने सामानहरू | प्रति ट्रिप | ठूलो ट्रक रु. १,०००।००<br>सानो ट्रक, टिपर, रु. ३००।००<br>ट्रयाक्टर रु. १००।०० |
| २. | खोटो प्रति टिन | प्रति टिन | रु. ५।०० |

अनुसूची -८

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

# सवारी साधन करको दर

गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने देहायका सवारी साधनमा पहिलो पटक सवारी दर्ता र वार्षिक रुपमा नवीकरण गर्दा लाग्ने करको दर निम्न अनुसार हुनेछ :

| क.सं. | सवारीको किसिम | दर्ता तथा इजाजत (रु.) | वार्षिक कर (रु.) |
|---|---|---|---|
| १ | अटोरिक्सा, विद्युतीय रिक्सा | २००।०० | ४०।०० |
| २ | स्कुटर/मोटरसाइकल | १०।०० | ५०।०० |
| ३ | कार/जीप/मयुरी | २०।०० | १००।०० |
| ४ | भाडाकार/जीप | ५०।०० | ३००।०० |
| ५ | बस/ट्रक/लरी/हेभी गाडी | १००।०० | ५००।०० |
| ६ | जे.सी.बी./स्काभेटर | ५००।०० | २०००।०० |

अनुसूची -९

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

# विज्ञापन करको दर

गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा गाउँपालिकाको इजाजत लिई गरिएको विज्ञापन सामाग्रीमा देहाय बमोजिम वार्षिक विज्ञापन कर लगाई असुल उपर गरिनेछ :

| क.सं. | विज्ञापन सामग्रीको किसिम | वार्षिक विज्ञापन कर(रु.) |
|---|---|---|
| १ | विद्युत्तीय डिजिटल बोर्ड प्रति वर्ग फिट | २५।०० |
| २ | होडिङ्ग बोर्ड प्रति वर्ग फिट | २५।०० |
| ३ | व्यानर पोष्टर प्रति वर्ग फिट | १०।०० |
| ४ | भित्ते लेखन प्रति वर्ग फिट | १०।०० |
| ५ | व्यापार तथा मेला आदीमा इलेक्ट्रोनिक डिस्प्ले (दैनिक) | २५।०० |

नोटः (१) गाउँपालिका क्षेत्रभित्र निजी सम्पत्तिको उपयोग गरी कसैले विज्ञापन राख्न चाहेमा गाउँपालिकाको इजाजत लिई विज्ञापन सामग्री राख्न सक्नेछ । यस्तो विज्ञापन राखे वापत गाउँपालिकालाई बुझाउनु पर्ने विज्ञापन करको दर सार्वजनिक स्थलमा राखेको विज्ञापन करको दरको आधा (पचास प्रतिशत) हुनेछ ।

(२) गाउँपालिकाको इजाजत नलिई गरिएको विज्ञापन सामग्रीहरूलाई गाउँपालिकाले कुनै पनि समयमा अग्रिम सूचनाविना हटाउन सक्नेछ ।

(३) पसलहरूमा राखिने परिचयपाटी (व्यवसाय प्रमाण पत्रमा तोकिएको ढाँचा तथा साइज अनुसार) मा विज्ञापन कर लाग्ने छैन । तर, परिचयपाटीमा विज्ञापनमूलक सामग्री प्रचार गरेमा सोमा विज्ञापन कर लाग्नेछ ।

अनुसूची -१०

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

# बहाल बिटौटी शुल्कको दर

**क. ऐलानी तथा सार्वजनिक स्थलको उपयोग**

| स्थान | शुल्कको दर | कैफियत |
|---|---|---|
| गाउँक्षेत्रका सडकको दायाँ बायाँको जग्गा उपभोग गरेबापत | प्रति फिट न्यूनतम मासिक रु ५।०० र अन्य क्षेत्रमा न्यूनतम मासिक रु ५।०० | |
| सार्वजनिक स्थलमा पटके रुपमा उपयोग गरे बापत | प्रति हप्ता रु १०००।०० नघट्ने गरी टेन्डर गरिनेछ । | |

**ख. अस्थायी हाटबजार र घुम्ती पसल (पटके रुपमा)**

| क्र.सं. | व्यापार/व्यवसाय/कारोबार | शुल्कको दर (पटके रुपमा) रु. |
|---|---|---|
| १ | जात्रा | १०००।०० |
| २ | व्यापार व्यवसाय प्रति पटक | ५००।०० |

अनुसूची -११
(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

# शुल्क तथा दस्तुरको दर

| क.सं. | सिफारीस, अनुमति र प्रमाणित | | दर |
|---|---|---|---|
| | विवरण | विस्तृत विवरण | |
| १ | घरजग्गा नामसारी सिफारीस | ५ रोपनी सम्म | १००।०० |
| | | ५ देखि १० रोपनीसम्म | १५०।०० |
| | | १० देखि २० रोपनीसम्म | २००।०० |
| | | २० देखि ५० रोपनीसम्म | ३००।०० |
| | | ५० रोपनीभन्दा माथि | ५००।०० |
| २ | मोही लगत कट्टा सिफारीस | १ रोपनी सम्मको | १००।०० |
| | | १ रोपनी भन्दा माथिको | २००।०० |
| ३ | घर कायम सिफारीस | पक्की घर (प्रति वर्ग फिट) | ३।०० |
| | | कच्ची घर (प्रति वर्ग फिट) | २।०० |
| ४ | सरजमिन सिफारीस दस्तुर | | १००।०० |
| ५ | छात्रवृति सिफारीस | | १००।०० |
| ६ | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारीस | | निशुल्क |
| ७ | अपाङ्गता भएको सिफारीस | | निशुल्क |
| ८ | अस्थाइ बसोबास सिफारीस | | २००।०० |
| ९ | स्थायी बसोबास सिफारीस | | १००।०० |
| १० | नागरिकता सिफारीस | वंशज | १००।०० |
| | | अंगिकृत | ५००।०० |
| ११ | विद्युत जडान सिफारीस | | १००।०० |
| १२ | धारा जडान सिफारीस | | १००।०० |
| १३ | जीवित रहेको सिफारीस | | १००।०० |
| १४ | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारीस | | २००।०० |
| १५ | व्यवसाय बन्द सिफारीस | | १००।०० |
| १६ | व्यवसाय सञ्चालन नभएको सिफारीस | | १००।०० |
| १७ | व्यापार व्यवसाय नभएको सिफारीस | | १००।०० |
| १८ | कोर्ट फी मिनाहा सिफारीस | | निशुल्क |
| १९ | नाबालक परिचयपत्र सिफारीस | | ५०।०० |
| २० | चौपाया सम्बन्धी सिफारीस | | १००।०० |
| २१ | व्यवसाय दर्ता सिफारीस | | ५००।०० |
| २२ | उद्योग ठाउँसारी सिफारीस | | ५००।०० |
| २३ | विद्यालय ठाउँसारी सिफारीस | | २००।०० |
| २४ | आन्तरिक बसाइसराइ सिफारीस | | १००।०० |
| २५ | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्दि/ सिफारीस | | ५००।०० |
| २६ | व्यक्तिगत विवरण सिफारिस/ नवीकरण सिफारीस | | १००।०० |
| २७ | जग्गा दर्ता सिफारीस | | २००।०० |
| २८ | संरक्षक सिफारीस व्यक्तिगत | | १००।०० |
| २९ | संरक्षक सिफारीस संस्थागत | | २००।०० |
| ३० | नेपाल सरकारको नाममा बाटो कायम सिफारीस | | १००।०० |
| ३१ | कोठा खोल्न कार्य रोहबरमा बस्ने सिफारीस | | |

| | | | |
|---|---|---|---|
| ३२ | स्वास्थ्य उपचारको सिफारीस | निशुल्क उपचारको लागि | निशुल्क |
| | | सशुल्क उपचारको लागि | १००।०० |
| ३३ | संस्था दर्ता सिफारीस | | ५००।०० |
| ३४ | जग्गा धनीपुर्जा हराएको सिफारीस | | २००।०० |
| ३५ | जीवित सँगको नाता प्रमाणित | | १००।०० |
| ३६ | मृतकसँगको नाता प्रमाणित | | १००।०० |
| ३७ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | ५००।०० |
| ३८ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | ५०।०० |
| ३९ | जग्गा मुल्याङ्कन सिफारीस/ प्रमाणित | | १००० मा ७५ पैसा |
| ४० | चारकिल्ला प्रमाणित | | १००।०० |
| ४१ | जन्ममिति प्रमाणित | | १००।०० |
| ४१ | घर बाटो प्रमाणित | बाटो भएको | २००।०० |
| | | बाटो नभएको | १००।०० |
| ४२ | विवाह प्रमाणित | | १००।०० |
| ४३ | घर पाताल प्रमाणित | | १००।०० |
| ४४ | कागज/ मञ्जुरिनामा प्रमाणित | | १००।०० |
| ४५ | हकवाला वा हकदार प्रमाणित | | १००।०० |
| ४६ | घर सम्पन्न सिफारीस/ प्रमाणित | पक्की | १०००।०० |
| | | कच्ची | ५००।०० |
| ४७ | अविवाहित प्रमाणित | | २००।०० |
| ४८ | अपुताली सिफारिस | | १००।०० |
| ४९ | अन्य सिफारीस वा प्रमाणित | | १००।०० |
| ५० | घर नक्सापास दस्तुर | पक्की घर | १५००।०० |
| | | कच्ची घर | ५००।०० |

| | | | |
|---|---|---|---|
| ५१ | नक्सा पास निवेदन फाराम दस्तुर | | ५०।०० |
| ५२ | सरसफाइ शुल्क | मासिक | ५०।०० |
| | | सरसफाइ कार्डको | १००।०० |
| | | | |
| ५३ | घर खाली गराउँदा प्रतिदिन | | ५००।०० |
| | **दर्ता शुल्क** | | |
| ५४ | जन्म दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | १००।०० |
| ५५ | मृत्य दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | १००।०० |
| ५६ | बसाइसराइ दर्ता | जाने | १०००।०० |
| | | आउने | १००।०० |
| ५८ | विवाह दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | १००।०० |
| ६० | उजुरी दर्ता तथा मुद्दा दस्तुर | | १००।०० |
| ६२ | प्रतिलिपीको सिफारिस वा प्रमाणित | सबै प्रकारको | ५००।०० |

अनुसूची -१२

(दफा १२ सँग सम्बन्धित)

# बिक्रीको दर

| सामग्रीहरू | इकाई | बिक्री दर रु. |
|---|---|---|
| ढुंगा, गिट्टी | प्रति घन फिट | ३।०० |
| बालुवा | प्रति घन फिट | ४।०० |
| माटो | प्रति घन फिट | १।०० |
| काठ | प्रति वर्ग फिट | १००।०० |
| बोलपत्र वा दरभाउ पत्र फाराम | प्रति गोटा | रु १०००।०० वा सोभन्दा माथि ( सार्वजनिक खरिद नियमावली अनुसार) |

अनुसूची -१३

(दफा १३ सँग सम्बन्धित)

# सम्पत्ति भाडाको दर

| सम्पत्ति | भाडा दर रु |
|---|---|
| जेसीबी (ब्याक हो लोडर) प्रति घण्टा (इन्धन बाहेक) | नदिने |
| हल भाडा साउण्ड सिस्टम सहित (प्रति पटक) | १,३००।०० |
| हल भाडा साउण्ड सिस्टम बाहेक (प्रति पटक) | १,०००।०० |
| प्रोजेक्टर (प्रति पटक) | १००।०० |
| | |

अनुसूची -१४

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

## जरिवाना, शुल्क र व्याज (हर्जाना) लाग्ने सम्बन्धी व्यवस्था

**जरिवाना लाग्ने :** तल उल्लिखित कसुर गर्ने व्यक्ति, व्यवसायी वा संस्थालाई देहायको दरमा जरिवाना लाग्नेछ :

| क्र. सं. | कसुर | दण्ड जरिवाना (रु.) |
|---|---|---|
| १ | स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य पदार्थहरू उत्खनन् तथा बिक्री अनुमति प्राप्त गर्ने व्यवसायी वा संस्थाले तोकिएको परिमाणभन्दा बढी उत्खनन् गरेमा वा अनुमति बेगर उत्खनन् गरेमा | उत्खनन् भएको परिमाण जफत गरी प्रति घन फिट रु १ जरिवाना |
| २ | नक्सा पास नगरी निर्माण कार्य गरेमा | |
| ३ | गाउँपालिकामा दर्ता वा इजाजत नलिई नयाँ व्यवसाय संचालन गरेमा | गाउँपालिकाले तोकेको व्यवसायको दोब्बर जरिवाना गरिने छ। |
| ४ | गाउँपालिकाले निषेध गरेका क्रियाकलाप संचालन गरेमा | गाउँ कार्यपालिकाले निणर्य गरे बमेजिम रु ५,०००।०० सम्म जरिवाना गरिनेछ। |

# *सबै अनुसूचीबाट प्राप्त हुने आन्तरिक राजश्व जम्मा रु १५,००,०००।-

**व्याज (हर्जाना) लाग्ने :** कुनै करदाताले यस ऐन बमोजिम लाग्ने कर, दस्तुर, सेवा शुल्क समयमा दाखिला नगरेमा अन्यत्र व्याज (हर्जाना) तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक पन्ध्र प्रतिशतका दरले व्याज (हर्जाना) लाग्नेछ।

**समयमा विवरण दाखिदा नगरेमा शुल्क लाग्ने :** यस ऐन तथा अन्य प्रचलित कानुन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएको करदाताले समयमा विवरण दाखिला नगरेमा यस ऐन बमोजिम तिर्नुपर्ने करको दोब्बर रकम विलम्ब शुल्क सहित लाग्ने कर निजबाट असुल गरिनेछ।

**झुट्टा विवरण दिएमा जरिवाना लाग्ने :** यस ऐन तथा प्रचलित कानुन बमोजिम विबरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले कर छल्ने नियत लिई झुट्टा वा अधुरो विवरण दाखिला गरेमा नियमानुसार लाग्ने करको १५ देखि २० प्रतिशत रकम जरिवाना सहित लाग्ने कर निजबाट असुल गरिनेछ।

**व्याज (हर्जाना) नलाग्ने :** यस ऐन बमोजिम लाग्ने शुल्क, व्याज (हर्जाना) र जरिवानामा पुनः व्याज (हर्जाना) लाग्ने छैन।

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको मिति २०७७/०३/१२ गतेको गाउँ सभाबाट पारित दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आर्थिक ऐन २०७७ नियमानुसार प्रमाणित गर्दछु।

भुपेन्द्र राई
अध्यक्ष